मिति २०७६/५/३० नगर कार्यापालिका बैठकमा पेश गर्ने प्रस्तावहरू

१. क्रेसर संचालन अनुमती सम्बन्धमा ।

२. शितगंगा एफएम रेडियोलाई सहयोग सम्बन्धमा ।

३. "घ" वर्गको इजाजत पत्र प्रदान सम्बन्धमा ।

४. वडा कार्यालय जग्गा सम्वन्धमा ।

५. कम्प्यूटर शिक्षकको तलव भत्ता सम्बन्धमा ।

६. शिक्षिका विमला राउतको तलव भत्ता सम्बन्धमा ।

निर्णयहरू

निर्णय नं. १

१. क्रेसर संचालन अनुमती सम्बन्धमा ।

सिगतंगा मिनरल्स उद्योग प्रा.लि.ले यस न.पा.को वडा नं. २ भुन्टेडाँडामा क्रेसर उद्योग संचालन गर्न अनुमती पत्र पाउँ भनि आवश्यक कागजातहरू संलग्न राखी निवेदन दिएको सन्दर्भमा छलफल हुँदा प्रदेश सरकारबाट जारी भएको नदिजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद २ को ३ बमोजिम अनुमति पत्र दिने । साथै नदिजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ को अनुसूची ४ बमोजिमको उद्योग स्थापना र खानी सञ्चालनको लागि निर्धारित दुरी सम्बन्धि मापदण्डको पूर्ण पालना गर्ने प्रतिवद्धता पत्र लिएर अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

रेडियो शितगंगाको च.नं. ६ मिति २०७६/६/४/२५ को पत्र साथ रू ५१४२५४।- खर्चका विल भरपाई संलग्न राखी नगरपालिकामा निवेदन पेश गरेको र नगर भित्र सुरुमा स्थापना हुने रेडियोलाई सहयोग गर्ने नगरको नीति अनुरुप पाचौं नगरसभाबाट चालु आ.व.को लागि वजेट विनियोजन हुँदा संचार सम्बन्धि विभिन्न कार्यक्रम संचालनको लागि भनि रू १५ लाख वजेट विनियोजन भएको उक्त रकमबाट शितगंगामा पहिलो स्थापना भएको रेडियो शितगंगा नामक रेडियो १०७.८ मेगाहर्जको लागि शितगंगा नगरपालिकाको एफ.एम. संचालन तथा ब्यवस्थापन कार्यविधि २०७६ को दफा २३ मा ब्यवस्था भएबमोजिम माथि उल्लेशित शिर्षकमा रहेको रकमबाट रू ५ लाख अनुदान स्वरूप उपलब्ध गराउने र उक्त रेडियोले चालु आ.व.मा नगरपालिका र वडा बाट प्रशारणहुने सवै किसिमका सूचनाहरू निःशुल्क प्रसारण गर्ने ब्यवस्था मिलाउन रेडियोलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

शितगंगा नगरपालिकाको "घ" वर्गको निर्माण ब्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुराई परिच्छेद तीन बमोजिमको मुल्याङ्कन समितिबाट समेत सिफारिस भई प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश हुन आएको संचालक शितगंगा नगरपालिका वडा नं. ४ निवासी श्री यमेन्द्र पौडेल रहेको आर.एस.एस. कन्स्ट्रक्सन शितगंगा नगरपालिका वडा नं. ४ अर्घाखाँची र संचालक साविक मालारानी गा.पा. हाल सन्धिखर्क नगरपालिका वडा नं. १ निवासी आशिष राउत क्षेत्री रहेको फर्मको ठेगाना

शितगंगा नगरपालिका वडा नं. ११ रहेको आयभा कन्स्ट्रक्सन प्रा.लि.नामका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

शितगंगा नगरपालिका वडा नं. १४ को विक्रम क्षेत्रको स्थानीय वासीले भोगचलन गर्दै आइरहेको अधिकांश जग्गा लालपुर्जा विहिन ऐलानी भएको र सोही स्थानमा शिनपा १४ को वडा कार्यालय को लागि समेत ५ रोपनी जग्गाको व्यवस्था भई विशेष नापीबाट नाप समेत भई सकेको र जग्गा धनि प्रमाण पुर्जा वितरण भई नसकेको अवस्था रहेको हुँदा नगर पालिकाबाट निर्माण प्रकृया अगाढी वढ्न लागेको वडा कार्यालयको भवन सोही जग्गामा निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको विभिन्न विद्यालयहरुमा गत विगत देखि कार्यरत कम्प्यूटर शिक्षकको तलव भत्ताको लागि पाचौ नगरसभाबाट पारित वजेटमा रू १० लाख विनियोजन भएकोमा उक्त रकमबाट खर्च लेख्ने गरी प्रति शिक्षक प्रति महिना रू २५६४०।- र सोही बमोजिमको चाईपर्व खर्च समेत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

शिक्षिका विमला राउतको आ.व. ०७५/०७६ देखि रोक्का रहेको तलव भत्ता निज नगरपालिकाले खटाएको विद्यालयमा आई पठन पाठन कार्य गर्दै आएकोले निजको रोक्का रहेको तलव भत्ता फुकुवा गर्ने निर्णय गरियो ।

**मिति २०७६/५/२२ नगर कार्यापालिका बैठकमा पेश गर्ने प्रस्तावहरू**

१. आ.व. ०७६/०७७ को शितगंगा नगरपालिकाको दररेट सम्बन्धमा ।

२. समपुरक अनुदान माग गर्ने सम्बन्धमा ।

३. विद्यालयहरूमा खाजा व्यवस्थापन सम्बन्धमा ।

४. नगरपालिकाको कानुनी सल्लाहकार तथा न्यायिक समितिमा अधिवक्ताको सेवा प्राप्त गर्ने सम्बन्धमा ।

५. उत्पादनमा आधारित अनुदान वितरणको अनुगमन सम्बन्धमा ।

६. रानीकुवा इन्टरनेशनल हाड्रोपावरको वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने सम्बन्धमा ।

७. झोलुङ्गेपुल छनौट गर्ने सम्बन्धमा ।

८. प्राविधिक कर्मचारीहरूलाई वडा सचिवको रूपमा कामकाज गराउने सम्बन्धमा ।

९. सौर्य उर्जा प्रणाली जडान गर्न माग संकलन सम्बन्धमा ।

१०. स्वास्थ्य लाभको कामना सम्बन्धमा ।

निर्णयहरू

निर्णय नं. १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्ने व्यवस्था गरेबमोजिम यस शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को लागि कार्यालयबाट पेश भएको न्यूनतम दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकाका तपशिल बमोजिमका योजनाहरू संघीय सरकार अर्थ मन्त्रालयमा समपूरक अनुदानमा संचालन गर्न माग गर्ने निर्णय गरियो ।

(क) नगरपालिकाको प्रशासकीय भवन

(ख) वडा कार्यालय भवन (वडा नं. ६, ८, १०, १३, १४)

(ग) कृष्णसेन स्मृती मार्गको विक्रम पावरा सिमलपानी भेडामारे सडक खण्ड

(घ) पतञ्जली मार्ग (ठाडा अमराई जुकेना देउराली ऐरावती सडक)

निर्णय नं. ३

पाचौं नगरसभाबाट दुई विद्यालयको लागि दिवा खाजा भनि रू ७ लाख वजेट विनियोजन भएकोमा सो रकमबाट निम्न तीन कक्षा सम्म संचालन भएका विद्यालयको लागि स्कुल संचालन भएको दिन, विद्यार्थि उपस्थिति को आधारमा प्रतिदिन रू २० प्रति विद्यार्थि दिवा खाजाको व्यावस्था गर्ने निर्णय गरियो ।

(क) ज्ञानोदय आधारभुत विद्यालय शिनपा ११

(ख) श्री जनता प्रा.वि. शिनपा १४

निर्णय नं. ४

देशकै ठूलो नगरपालिका वनजंगल र नदीजन्य पदार्थको प्रचुरताका कारण उठ्ने विभिन्न कानुनी समस्या तथा नगरपालिकामा न्याय सेवाको कर्मचारी नहुनु र न्यायिक समितिमा मुद्धाको चाप वढी भएको कारण नगरपालिकाको लागि एक जना कानुनी सल्लाहकार तथा न्यायिक समितिको लागि एक जना अधिवक्ता लाई वार्षिक रूपमा १/१ लाख सेवा शुल्क दिने गरी कानुनी सेवा तथा सल्लाह लिने निर्णय गरियो ।

निर्णय नं. ५

नगरपालिकाको आ.व.०७५/०७६ को वार्षिक कार्यक्रम अनुसार उत्पादनमा आधारित अनुदान वितरणको लागि सम्बन्धित वडाका सहकारीहरूको खातामा रकम उपलब्ध गराई वितरण भईरहेको सन्दर्भमा सो को नगरपालिकाको आर्थिक विकास समितिले अनुगमन गरि प्रतिवेदन पेश गर्ने र चालु आ.व.को लागि समेत कृषि तथा पशु जन्य उत्पादनको अनुदान वितरणको लागि रेकड व्यवस्थापन गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ६

शितगंगा नगरपालिकाको वडा नं. ११ र १२ मा पर्ने गुडरूङ्ग खोलामा संचालन हुन लागेको रानीकुवा हाईड्रो पावरको च.नं. २ मिति २०७६/५/८ को पत्रबाट वातावरणीय प्रभाव मुल्याङ्कन नगरबाट गरिदिने भनि माग भई आएकोमा पाचौं नगरसभाबाट वजेट विनियोजन हुँदा माईक्रोहाईड्रो पहिचान तथा वातावरणीय प्रभाव मुल्याङ्कन भनि विनियोजन भएको रू १० लाख बाट रानीकुवा इन्टरनेशनल हाइड्रोपावरको वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपालको च.नं. २६ मिति २०७६ ४ २० गतेको पत्रबाट आ.व. ०७७/०७८ मा निर्माण कार्य अगाडी बढाउन डिपिआर तयार गर्ने कार्यको लागि प्राथमिकता क्रम अनुसार झोलुङ्गेपुल छनौट गरी उपलब्ध गराई दिनु हुन भनि माग भई आएकोले प्राथमिकता क्रम अनुसार निम्न झो.पुहरूको डिपिआर गर्न नामावली उपलब्ध गराउने निर्णय गरियो ।

(क) ऐरावती झिमरूक झो.पु. वडा नं. ७

(ग) दोवाटा ट्रष्ट शिनपा ११

(घ) पावरा झो.पु. शिनपा १४

(ङ) भाविन वंसार झो.पु.

(च) मुसियान झो.पु.

(छ) टारी झो.पु. वडा नं. १०

(ज) कालिखोला ट्रष्ट वडा नं. ८

(झ) दुमनडाडा ढोडेनी झो.पु.

(ञ) आंकासे सिलिङ्खोला झो.पु. वडा नं. ६

(ट) धोखोला वसेनी झो.पु. वडा नं. ६

(ठ) बराहदहको मथुरा खोला झो.पु. ६

निर्णय नं. ८

शितगंगा नगरपालिकाको वडाहरुमा लोकसेवा आयोगबाट कर्मचारी पूर्ति नहुदा सम्म विगतमा कार्यरत प्राविधिक र नगरमा कार्यरत प्राविधिक कर्मचारीहरूलाई वडा सचिवको रूपमा कामकाज गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९

भौतिक पूर्वाधार विकास मन्त्रालय बुटवल नेपालको च.नं. २६५ मिति २०७६/४/२९ को पत्रबाट सौर्य उर्जा प्रणाली जडान माग संकलन गरि पठाईदिने सम्बन्धि पत्र आजको बैठकमा जानकारी भयो । सो सम्बन्धमा सौर्य उर्जा जडानका लागि पत्रमा उल्लेख भएको मापदण्डमा पर्ने नगरभित्र बसोवास गर्ने घरधुरीको विवरण वडा मार्फत असोज १० गते भित्र संकलन गरी तोकिएको समय भित्र पठाउने निर्णय गरियो ।

निर्णय नं. १०

यस शितगंगा नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष श्री भिम बहादुर के.सी. डेंगु रोग लागी रूपन्देहीको क्रिमसन अस्पतालमा उपचार गराई रहनु भएकोमा निजको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।